## *थाली नृत्यः*

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने धौलागिरी अञ्चल, म्याग्दी (तत्कालिन मुस्ताङ) जिल्ला चिमखोला (वर्तमान गण्डकी प्रदेश, रघुगँगा गाउँपालिका-७) गाउँ पञ्चायत-८ जसलावाङमा आमा नन्दिता (रामजाली) पुन, बाबु सतबहादुर पुनबाट (दिदी १ एक र ९ नौ भाई दाजुहरु) पश्चात कान्छी छोरीको रुपमा वि.सं.२००८ साल माघ २५ शुक्रबार (तदनुसार १९५२ फेब्रुरी ८) का दिन "थालीनृत्य" का सर्जक म हिरामाया पुनको जन्म भएको थियो । हिरामाया पुनले बाल्यकाल समय पारगर्दै जब ६/७ वर्षको उमेर पुग्यो (वि.सं.२०१४/०१५ तिर) विहानको समयमा दुबैहातमा थाली खेलाउँदै-नचाउँदै घर छेंउको पानी पँधेरामा जाने दैनिकी बन्न पुगेको थियो । चिमखोलाका युवाहरु देश-विदेशमा नोकरी गर्दा विदेशका शैक्षिक जागरणलाई नजिकैबाट नियालेर आएका सेनाका भू.पु.आर्मीहरुले दुर्गम ग्रामिण परिस्थितिजन्य कारणबाट शिक्षा-दिक्षाबाट वञ्चितहुन पुगेका आफ्ना सन्ततीहरुलाई आफ्नै गाउँघरमा जतिसक्दो शिक्षा-दिक्षा दिने उद्देश्यले अभिप्रेरितभई (वर्तमान मन्त्री थममाया थापाका पिता) भू.पू.ज्म.श्रीनरबहादुर थापा र ह.श्रीवीरबहादुर (गर्जुजा) थापाको सक्रियतामा स्थापित रात्रीकालीन स्कूलमा (म) हिरामाया पुनले पनि पढ्नजाने अवसर पाएर प्रायः सँधै जानेगरेकोमा सहपाठी साथीहरुबाटै हिरामाया पुनले दुवै हातमा थाली लिएर नचाउँदै नृत्यगर्न अभ्यस्त भईसकेको गाउँघरमा चर्चा भईसकेको रहेछ ।

सर्वप्रथम चिमखोलामा रात्री स्कूल सञ्चालनमा ल्याउन अगुवाइ गरेका चिमखोला निवासी शिक्षाप्रेमी ज्म.श्रीनरबहादुर थापा, ह.श्रीवीरबहादुर थापाले (उक्त समयमा प्रत्येक वर्षको बडादशै पर्वमा देवीलाई बलिपूजा दिएको जात्राहेर्न चिमखोला गाउँका युवा-युवतीहरु राखु मैदानमा जाने परम्परा रहेकोमा) यो वर्षदेखि हाम्रो आफ्नै गाउँमा बडादशै पर्वमा दुर्गा पूजागर्ने, नाच-गान रमाईलोगरि बडादशै मनाउनु पर्दछ भनेका र गाउँका पञ्च भलादमी पनि सकारात्मकभएकाले त्यो वर्षको बडादशै पर्व चिमखोलामा नै मनाउनेभएका रहेछन्; त्यो वर्ष दुर्गापूजाको जात्राहेर्न राखु भगवती हिँडीसकेकाहरुलाई पनि कटुवाले पठाएर 'बाङ्गेकाठ' भन्ने ठाउँबाट फर्काउने कामभएको थियो । सायद दुबैहातमा थाली नचाउँदै नृत्यगर्ने एउटा नूतनकलाको सृजना आफ्नै गाउँमा उद्भव भएको थाहा पाएर नै होला ह.श्रीवीरबहादुर थापाज्यूले भारत सरकारको सेवाबाट निवृत्तभई आउँदा थाली नृत्यकै लागि भनेर दुई वटा चरेसको थाली पनि साथै लिएर आएकारहेछन् । र, मलाई हौसला दिंदै विदेश (भारत) मा केटी (युवती)हरुले पनि नृत्यगर्दछन् । हाम्रा चेली-वेटीहरुले पनि नृत्य (नाच्न) गर्न हुन्छ ! भनेर आफ्नै गाउँमा सर्वप्रथम मनाउन लागेको यो बडा दशै पर्वमा तिमिले थाली नृत्य गर्नु पर्दछ भनि ज्म.श्रीनरबहादुर थापा ज्यू र ह.श्रीवीरबहादुर थापाज्यूले थाली नृत्य (नाच्न) गर्न मलाई हौसला दिएकाले (त्यस भन्दा अघि हाम्रो गाउँघरमा महिलाहरु नाच्ने परम्परा थिएन, सोरठी-ख्याली, पुर्ख्यौली नृत्यमा महिलाको भूमिकामा पुरुषहरुले नै महिलाको पोसाक लगाएर नाच्नुपर्ने परम्परा थियो ।) पहिलो पटक आफ्नै जन्मभूमि चिमखोलामा एउटा नूतनकला थाली नृत्य प्रदर्शनगर्न मलाई शुभ अवसर प्राप्त भएको थियो ।

थाली नृत्यको चर्चाहुँदै गर्दा गाउँघरमाहुने विभिन्न कार्यक्रममा थाली नृत्यको प्रदर्शन र थाली नृत्यमा नृत्यगर्न चाहने सबै नव युवतीहरुले तालिमलिने कार्य सञ्चालन भएपनि दोस्रो पटक तत्कालीन जिल्ला सदरमुकाम मुस्ताङ (दाना) मा पनि थाली नृत्यको प्रदर्शन भएको थियो । त्यस पछि वि.सं.२०२२ साल फाल्गुण ७ (सात) गते प्रजातन्त्र दिवसको अवसरमा अधिराज्यव्यापी लोक सांस्कृतिक प्रतिस्पर्धामा थाली नृत्य प्रदर्शनको लागि पहिलो पटक धौलागिरी अञ्चलको सदर मुकाम बागलुङबाट समेत छनौटभई धौलागिरी अञ्चलको प्रतिनिधित्वगर्दै काठमाडौ गएकोमा ज्वरोको बिमारले भागलिन असमर्थ भएको र, पुनः वि.सं.२०२५ साल फाल्गुण ७ (सात) गतेको राष्ट्रिय प्रजातन्त्र दिवसमा भाग लिन जिल्ला, अञ्चलबाट समेत छनौटभई “धौलागिरी अञ्चल” कोतर्फबाट दोस्रो पटक प्रतिनिधित्वगर्दै काठमाडौंको राष्ट्रिय नाचघरमा अधिराज्यव्यापी प्रतिस्पर्धात्मक लोक सांस्कृतिक कार्यक्रममा “थाली नृत्य” प्रस्तुत भएकोमा *“यो थाली नृत्य प्रस्तुतकर्ता चाइनिज केटी हो, नेपाली होइन”* भनेर एउटा नेपाली कलाकारलाई लोक सांस्कृतिक निर्णायक मण्डलबाट प्राप्तहुन सक्ने सम्भावित पुरस्कारबाट वञ्चित गराइएको थियो ।

तत्पश्चात वि.सं.२०३० सालमा श्री ५ को सरकारको योजनाअनुसार म्याग्दी जिल्लाबाट महिला स्वयंसेविका तालिममा भागलिन महिला प्रशिक्षण केन्द्र, ललितपुर जावलाखेल (नारायण भवन)मा गएको अवस्थामा पूर्व श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको २५ औं शुभ जन्मोत्सवमा ‘महिला स्वयं सेविका’ प्रशिक्षणमा भाग लिईरहेका प्रशिक्षार्थी तथा प्रशिक्षक (गुरुआमा) हरुकोतर्फबाट पनि उक्त शुभ जन्मोत्सवको उपलक्ष्यमा भईरहेको सांस्कृतिक कार्यक्रममा भागलिने सुअवसर प्राप्त भएको थियो । हाम्रा गुरु आमाहरुको टोलीबाट प्रस्तुत नाटक “चाहिदैन फोस्रो माया” ले प्रथम भई स्वर्ण पदक प्राप्त गऱ्यो, धनकुटाका कृति राई ‘मारुनी’, देवी राई ‘मादले’ भएको “मारुनी नृत्य” दोस्रो रजत पदक र (म) हिरामाया पुनले प्रस्तुत गरेको एकल नृत्य “थाली नृत्य” तेस्रो भई स्वयं पूर्व श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाहको बाहुलीबाट कास्य पदक प्राप्तगरेको थिएँ ।

लोकनृत्यको सयौं-हजारौं विधाहरु भएपनि म्याग्दी जिल्ला (चिमखोला) मा सर्वप्रथम उद्भव भएको ‘थाली नृत्य’ हाम्रो मौलिक संस्कृति हो भन्दै चिमखोला निवासी वीरेन पुन र गणेश पुनको अग्रसरतामा हाम्रो म्याग्दी जिल्लाको मौलिक थाली नृत्यका सर्जक हिरामाया (पुन) श्रीस राष्ट्रिय कलाकारहुन् भन्दै वि.सं.२०७० सालमा “चिमखोले फेसबुक समुह” र वि.सं.२०७४ सालमा चिमखोलाका सबै तप्काका नागरिकहरुको तर्फबाट यो (थाली नाच) नृत्यको अपनत्व लिनेकाम भएको थियो । खुसीको विषयः धौलागिरी अञ्चल, म्याग्दी जिल्लाको दुर्गम गाउँ चिमखोलामा सर्वप्रथम उद्भव भएको मौलिक नृत्य (थाली नाच) वर्तमानसम्म आइपुग्दा म्याग्दी जिल्लाका वर्तमान समयका युवा-युवतीद्वारा अपनत्वलिएर आफ्नै देशभित्र र, विश्वका विभिन्न देशहरुमा भएको अवस्थामा पनि म्याग्दी जिल्लाको थाली नृत्य प्रदर्शन भए-गरेको दृश्य विभिन्न सञ्चार माध्यममा आएको देखिंदा गौरवान्वित भएको छु ।

*(थाली नृत्यका सर्जक हिरामाया (पुन) श्रीस सँगको कुराकानीको आधारमा)*